मुद्दा दायर गरेको छ। आयोगले तत्कालीन इकाइ प्रमुख वरिष्ठ वैज्ञानिक (हालः अवकाशप्राप्त) रामदेव पण्डित, प्राविधिक अधिकृत शकुन्तला राई, प्राविधिक सहायक प्रकाशुमार यादव, वरिष्ठ वैज्ञानिक निर्देशक हरिकृष्ण श्रेष्ठ, तत्कालीन लेखा अधिकृत सोभितलाल यादव, लेखा अधिकृत तिलक राजवंशी र प्रशासकीय अधिकृत कृष्णप्रसाद पोखरेलविरुद्ध मुद्दा दायर गरेको हो।

यसैगरी, जिल्ला शिक्षा कार्यालयको लेटरप्याड, छाप तथा दस्तखत किर्ते तथा हेरफेर र बैंकको दस्तखत नमुना कार्ड परिवर्तन गरी विद्यालयको विभिन्न शीर्षकका रकम हिनामिना गर्ने प्रधानाध्यापक, शिक्षक र बैंकका कर्मचारीविरुद्ध पनि आयोगले मुद्दा दर्ता गरेको छ। आयोगले सुनसरीको चपडाही निम्नमाध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक (हालः अवकाशप्राप्त) सिद्धिनाथलाल दास, साविक बबिया गाविस-९ को महावीर प्राथमिक विद्यालयका तत्कालीन राहत शिक्षक एवं प्रधानाध्यापक (हालः सेवामा नरहेको) र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय, इनरुवा, सुनसरीका सहायक प्रबन्धक (हाल निलम्बित) तारणीप्रसाद खतिवडाविरुद्ध आयोगले मुद्दा दायर गरेको हो। उनीहरूविरुद्ध पाँच लाख ६० हजार रुपैयाँ हिनामिना गरेको आरोप छ।

विषयलाई अध्ययन अनुसन्धानको विषय बनाउनुपर्ने बताए।

नेपालका चर्चित राजनीतिशास्त्रीहरूद्वारा नेपाल समसामयिक अध्ययन केन्द्र स्थापना गरिएको थियो। जसले सामाजिक, आर्थिक, राजनीतिक, कूटनीतिकलगायतका विषयमा थुप्रै महत्त्वपूर्ण अध्ययन गरेको थियो। संस्थाका संस्थापक प्रा.डा.लोकराज बराललेे आर्थिकलगायतका कारणले बन्द गर्नुपर्ने अवस्था आएको र संस्थालाई बन्द गर्नुभन्दा विश्वविद्यालयलाई जिम्मा लगाएको र यसबाट धरैले लाभ लिन सक्ने बताए।

तत्कालीन संस्थाका अध्ययन प्रतिवेदन, पुस्तकलगायत सामग्री काठमाडौं विश्वविद्यालयलाई हस्तान्तरण गरिएको छ। विश्वविद्यालयको स्कुल अफ एजुकेसनका डिन प्रा.डा. बालचन्द्र लुइँटेलले समसामयिक अध्ययन केन्द्र स्कुल अफ आर्ट्सअन्तर्गत रहेपछि सबै क्षेत्रको अध्ययन गर्न सक्ने बताए। केन्द्र विश्वविद्यालयको अंग बनेपछि डा. बराल मानार्थ अध्यक्ष र डा.उद्धव प्याकुरेल सदस्य सचिव रहेको सञ्चालक समितिले कार्यविधि बनाई अघि बढ्ने जनाएको छ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसडक विभाग

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

सडक डिभिजन चन्द्रनिगाहपुर

रौतहट

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशन मिति २०७८-१२-३०

यस डिभिजनबाट मिति २०७८/१२/२२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार दर्ता हुन आएका आर्थिक प्रस्ताव सम्बन्धि बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावाग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको लागि आशयको सुचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावाग्राही देखिएको बोलापत्रदाताहको नाम	कवोल रकम (मु.अ.क. र PS समेत)
१	RDCNP/ 33701169–2078/79–34	Road Improvement Works along Sisautiya Godaita Jaypur Madhuwangoth Sadak, Sarlahi	श्री पृथ्वी इन्जिनियर्स एण्ड विल्डर्स प्रा.ली., बत्तीसपुतली, काठमाडौं	२८१६१०६९.००

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

यस डिभिजनको मिति २०७८/११/२२ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सुचना नं IFB-०७-२०७८/७९ अनुसार E–Bid मार्फत दर्ता हुन् आएका बोलपत्रदाताहरु मध्ये तपशिल बमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावाग्राही देखी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	स्वीकृतका लागि छनौट भएका बोलपत्रदाताहरुको नाम र ठेगाना	कवोल अंक (मु.अ.क.र PS समेत)
२	RDCNP/ 33701122–078/79–50	Bridge Protection & River Training Works at Lalbakaiya Bridge, Katahariya, Rautahat	श्री भगवती निर्माण सेवा, कटहरिया-२, रौतहट	रु.१४९३२३१.७२
३	RDCNP/ 337310113–078/79–51	Drainage & Structure Maintenance Works along Chandranigahpur Gaur Road, Rautahat	श्री भगवती निर्माण सेवा, कटहरिया-२, रौतहट	रु.१५२८२११.७५
४	PRDCNP/ 33791129–078/79–05	Double Cell Slab Culvert Works at Maryadpur Ajagaibi Basantpatti Road, Rautahat	श्री धिरज निर्माण सेवा, इनरवारी-३, रौतहट	रु.६५९६३४८.११

डिभिजन प्रमुख